म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७८ आइतबार ६ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 19 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तातोहावा "लु" का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेशसभाका चार समितिले डेढ वर्षपछि पायो सभापति

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ बागमती प्रदेशसभाका चारवटा संसदीय समितिले प्रदेशको दोस्रो कार्यकाल सुरु भएको डेढ वर्षपछि मात्रै सभापति पाएको छ ।

बागमतीमा प्रदेशसभा सुरु भएको डेढवर्ष तथा समिति गठन गरिएको एक वर्षपछि बल्लतल्ल समितिको सभापति चयन भएको हो । १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँचवटा संसदीय समिति गठन भएको थियो । विगतमा भागबन्डा र सरकार परिवर्तनका कारण समयमै संसदीय सभापति चयन हुन नसकेको सत्तापक्षका सांसदहरुले जानकारी दिएका छन् ।

प्रदेशसभामा शनिवार भएको निर्वाचनबाट प्रदेश मामिला, सार्वजनिक लेखा, शिक्षा स्वास्थ्य तथा कृषि समिति र अर्थ विकास समितिमा सर्वसम्मत रुपमा सभापति चयन भएको हो । प्रदेश मामिला, सार्वजनिक लेखा, शिक्षा स्वास्थ्य तथा कृषि समितिको दिउँसो र अर्थ विकास समितिको साँझ सम्पन्न निर्वाचनबाट सर्वसम्मत रुपमा सभापति चयन गरिएको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए ।



दलीय भागबन्डाअनुसार प्रदेश मामिला समितिको सभापतिमा नेपाली कांग्रेसका छिरिङदोर्जे लामा चयन भएका हुन । सार्वजनिक लेखा समितिमा कांग्रेसकै श्रीराम लामिछाने सभापतिमा सर्वसम्मत चयन भएको प्रवक्ता गुप्ताले जानकारी दिए । शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापतिमा नेकपा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकाल चयन भएका छन् । अर्थ विकास समितिमा राप्रपाका नुरज बज्राचार्य सभापति बने ।

शुक्रबार सभामुख भुवनकुमार पाठकको बोलावटमा भएको पाँच दलीय बैठकले समितिको भागबण्डा लगाएको थियो । प्रदेश मामिला समिति र सार्वजनिक लेखा समिति नेपाली कांग्रेसले, अर्थ तथा विकास समिति राप्रपालाई, उद्योग, पर्यटन तथा वातावरण समिति एमालेलाई र शिक्षा, स्वास्थ्य तथा कृषि समिति माओवादी केन्द्रलाई भागबन्डा लागेको हो । बागमती सरकारमा भागबण्डा मिलाउन मन्त्रालय फुटाएर थपेको ४८ घण्टा नबित्दै संसदीय समिति पनि थप गरिएको थियो ।

एमालेको भागमा परेको उद्योग, पर्यटन तथा वातावरण समिति र शनिवार प्रदेशसभा बैठकले गठन गरेको विशेषाधिकार समितिको निर्वाचन भने सोमबार १० बजेका लागि तोकिएको प्रवक्ता गुप्ताले जानकारी दिए । उम्मेदवारी दर्ताका लागि भोलि आइतबार ३ देखि ५ बजेसम्म समय दिइएको छ । उद्योग, पर्यटन तथा वातावरण समितिमा सभापतिका लागि एमालेले रामेछापका आनन्दकुमार श्रेष्ठलाई उम्मेदवार बनाउने निर्णय गरिसकेको छ ।

नेकपा (एकीकृत समाजवादी) को भागमा परेको विशेषाधिकार समितिमा धादिङका मायादेवी शर्मा उम्मेद्वार बन्ने भएकी छन् । शनिवार बसेको प्रदेशसभा बैठकले प्रदेशसभा नियमावली, २०७४ ले व्यवस्था गरेअनुसार विशेषाधिकार समिति गठन गरेको छ । समितिमा १७ जना सदस्यलाई सभामुख भुवनकुमार पाठकले मनोनयन गरेका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये पाँचवटा दलबीच संसदीय समितिको सभापतिमा भागबण्डा मिलाउन शुक्रबार दलीय सहमतिअनुसार विशेषाधिकार समिति थप्ने निर्णय भएको थियो ।

**के हो संसदीय समिति ?**

संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन, सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी निर्देशन दिन समितिको महत्वपूर्ण भूमिका हुन्छ ।

संसदीय अधिवेशनका बैठकहरुमा सदनको कार्यबोझ कम गरी सदनले विधि निर्माण कार्यमा बढी ध्यान दिनसक्ने अवस्था सृजना गर्न समितिहरुको गठन आवश्यक तथा महत्वपूर्ण मानिन्छ । समितिले सरकारद्वारा गरिने दैनिक प्रकृतिका कामका सम्बन्धमा देखापर्ने समस्या र तिनका गतिविधिसँग पूर्णपरिचित हुन, कार्यपालिकाको काम पेलाहापूर्ण र विवादित हुन नदिनका लागि नियन्त्रणात्मक विधि अवलम्बन गर्न सक्छन् ।

संसदीय समितिहरु विषयगत विशेषज्ञता हासिल गर्ने आधारसिला हुन्, जुन सांसदहरुलाई मन्त्री हुन वा हुँदाका बखत सहयोगी हुन्छ । पेचिला र गम्भीर विषयमा सदनमा भन्दा समितिहरुमा व्यापक र विस्तृतरुपमा विधेयक वा प्रतिवेदनमाथि छलफल गर्न पनि समितिहरुको भूमिका महत्वपूर्ण हुन्छ । सरकार र व्यवस्थापिकाको पुल भई काम गर्न तथा सरकार र सदन दुवैको कार्यसम्पादनस्तर उच्च बनाउन पनि समितिहरुको उल्लेख्य भूमिका रहेको हुन्छ ।

## मकवानपुरमा कार दुर्घटना: दुईजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ ललितपुरबाट हेटौंडातर्फ आउँदै गरेको तीनजना सवार कार कान्तिलोकपथ सडकखण्डमा शनिबार बिहान दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ ।

हेटौंडा अस्पतालमा रौतहट मौलापुर नगरपालिका-६ बस्ने १७ वर्षीय विपेक साह र मकवानपुरको बकैया गाउँपालिका-१२ घर भएका ६५ वर्षीय प्रेमबहादुर ब्लोनलाई उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनीहरुको टाउको र शरीरको विभिन्न ठाउँमा गहिरो चोट लागेको थियो ।

६५ वर्षीय प्रेम गाडी चढेको थोरै समयमा दुर्घटनामा परेको आफन्तहरुले बताएका छन् । घरबाट खुवा बेच्न ठिंगनतर्फ आउन कार चढेका उनले खुवा गन्तव्यमा पुऱ्याउनै नपाएका हुन् । प्रहरीले दिएको जानकारी अनुसार, अर्का मृतक साह र घाइते साह काठमाडौंमा आफन्तलाई वैदेशिक रोजगारीका लागि बिदाइ गरेर फर्किएका थिए । खुवा पुऱ्याएर घर फर्कने सोच बनाएका ब्लोन, आफन्तलाई विदेश उडाएर घर फर्किरहेका साह ठिंगनबजार कट्न पाएनन् ।

यसैगरी, बारा निजगढ नगरपालिका-६ बस्ने ३० वर्षीय सन्दिप साहको अचेत अवस्थामै हेटौंडा-१, स्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको डिएसपी भण्डारीले जनाए । कार चालकसमेत रहेका सन्तोषको अवस्था गम्भीर रहेको उनले बताएका छन् ।

मकवानपुरको बकैया गाउँपालिका-१२ ठिंगन नजिकै चौताराबाट बिहान ७:३० बजे करिब ५ सय मिटर तल खोल्सामा ग ३ च ९४७५ नम्बरको कार खसेर दुर्घटना भएको थियो । कारमा सवार तीनजनालाई अचेत अवस्थामा उद्दार गरिएको थियो । यसैगरी कान्तिलोकपथ सडकखण्डअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-८ कालोपहिरोमा शनिबार मोटर साइकल पोलमा ठोक्किएर दुर्घटना हुँदा दुईजना घाइते भएका छन् ।

घाइते हुनेमा मोटर साइकल चालक बारा निजगढ नगर पालिका-६ लिचिटोल बस्ने ३१ बर्षीय रामबहादुर रायक्षेत्री र सोही स्थान बस्ने ३१ बर्षीय हरिकृष्ण अधिकारी रहेका छन् । हेटौंडाबाट ललितपुरतर्फ जाँदै गरेको बा ९० प ५५४ नम्बरको मोटरसाइकल शनिबार दिउँसो आफैं अनियन्त्रित भएर सडकको छेउमा रहेको सिमेन्टको पोलमा ठोक्किएर सडकबाट करिब ३० मिटर तल खसेरको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुबैजना घाईतेको उद्दार गरी उपचारको लागि ठिंगन स्वास्थ्यचौकीमा ल्याइएको र त्यहाँ उपचार सम्भव नभएपछि हेटौंडा ल्याइएको प्रहरीले जनाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## नेवा: गुठी खल:को साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/नेवा: गुठी खल: हेटौंडा-११ को तेस्रो वार्षिक साधारणसभा शनिबार भएको छ । खल:का अध्यक्ष शर्मिला श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सरकारका उर्जा, खानेपानी तथा सिँचाइ मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा सभा भएको थियो ।

कार्यक्रममा हेटौंडा-११ का वडाअध्यक्ष जुना दाहाल, नेवा: गूठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गे, नेवा संस्कृति पुचका अध्यक्ष सुनकुमार मानन्धर, मकवानपुर नेवा: गूठी खल: का उपाध्यक्ष मेनका श्रेष्ठ, महासचिव देवकुमार श्रेष्ठ, सहकोषाध्यक्ष शर्मिला श्रेष्ठ, खल:का सल्लाहकार फूलमान श्रेष्ठ, भीम श्रेष्ठ, हस्तलाल श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठ, नेवा:गूठी खल: नगरसमितिका उपाध्यक्ष शिवनारायण श्रेष्ठ, टोल विकास समन्वय समिति हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्य र स्मारक विकास समितिका व्यवस्थापक रामचन्द्र न्यौपानेको आतिथ्यता रहेको थियो । कार्यक्रममा नेवा:गूठी खल:को वार्षिक प्रगति प्रतिवेदन र आगामी योजना प्रस्तुत गरिएको थियो ।

सहभागी वक्ताले नेवा समुदायको भाषा, संस्कार र संस्कृतिको संरक्षणको लागि नेवा:गुठी खल:ले महत्वपूर्ण भूमिका खेलिरहेको र अझ यसलाइ प्रभावकारी रुपमा अगाडि बढाउन सबैको साथ सहयोगको आवश्यकता रहेको बताएका थिए ।

सोही अवसरमा नेवा: गुठी खल: मकवानपुरका महासचिव देवकुमार श्रेष्ठलाई सम्मान गरिएको थियो भने सभामा करिब एक सयजना सहभागी थिए ।

## मोबाइल बिक्रेता व्यवसायी र प्रहरीबीच अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ हेटौंडामा मकवानपुरका मोवाइल व्यवसायी र नेपाल प्रहरीबीच अन्तर क्रिया भएको छ । शनिबार मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरको आयोजनामा प्रहरी र व्यवसायीबीच अन्तरक्रिया भएको हो ।

म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईको सभाध्यक्षता तथा नेपाल मोवाइल व्यवसायी महासंघ बागमती प्रदेशका अध्यक्ष एसीस रिजालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितको विशेष आतिथ्यता थियो । कार्यक्रममा प्रहरी निरीक्षक पण्डितले मोवाइल व्यवसायीको समस्या, बेचविखनका जटिलता, कानुनी



उपचारको सवालमा जवाफ दिएका थिए । प्राय:जसो चोरीको मोवाइल विक्री गर्न आउने व्यक्तिबाट व्यवसायीले अपनाउनुपर्ने प्रक्रिया र मोवाइल बिक्री तथा मर्मतको क्रममा आउने समस्याका बारे सहजीकरण गरेका थिए ।

उनले व्यवसायीलाई आफू सजग रहन सामान खरिद गर्दा र बिक्री गर्दा दुवै व्यक्तिको सम्पूर्ण कागजपत्र लिन आग्रह गरेका छन् । बजारमा चोरीका र भन्सार छलेर आएका मोवाइलहरु प्रशस्तै पाइने भएकाले ती सामान खरिद गर्दा आउने समस्या र कानुनी प्रक्रियाबारे जानकारी गराएका थिए । कार्यक्रममा प्रहरी सहायक हवल्दार श्यामकुमार श्रेष्ठ, म्यान मकवानपुरका पश्चिमी क्षेत्र मनहरीका अध्यक्ष हिमशिखर ब्लोन लगायतको आतिथ्यता रहेको थियो ।

अन्तरक्रियामा करिब ६० जना मोवाइल व्यवसायीको सहभागिता रहेको थियो । व्यवसायीको भोगाई र समस्याहरु छलफलमा राखेका थिए । अन्तरक्रिया कार्यक्रम म्यान मकवानपुरका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद न्यौपानेको संयोजकत्वमा भएको थियो ।




**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# मोटरबाटोले छोट्याएको यात्रा

हाम्रा पितापुर्खाले जस्वनका उकालीओरालीमा गरेको दु:ख यतिबेला दन्त्यकथा झैं भएको छ । पछिल्लो समयमा सडकका पूर्वाधारहरु यति धेरै बनिसकेका छन् । कतिपय ग्रामीण क्षेत्रमा पूर्वाधार बढ्दै गएको तर, जनसंख्या भने सहरकेन्द्रित हुँदै गएको छ । हेटौंडा नगरको एउटा ग्रामीण बस्ती जहाँबाट हेटौंडा बजार आएर फर्कंदा दिन बित्ने गरेको थियो । तर, त्यही बस्तीमा सडक पूर्वाधार तयार भएपछि गाउँलेको यात्रा निकै छोट्टिएको छ । समाज विकासको सास्वत नियम पनि जटिलताबाट सरलतातिर बढ्नु नै हो । बिहान गाउँबाट हिड्यो भने लामो समयको यात्रा पछि पुगिन्थ्यो हेटौंडा । स्थानीय सम्झन्छन् चाडै हेटौंडा पुगेर काम भ्याएर फर्कन्छु भनेर हिड्यो, धेरैपटक काम नसकेर हेटौंडामै बास बस्नुपरेको बिगत निकै असहज थियो ।

गाउँको बाटो डाँडापाखा हुँदै धुलाम्य भएर बल्लबल्ल थानाभन्ज्याङ उत्रिएर कपडा फेरफार गरी कामकाजमा लाग्ने गरेका उनीहरु अहिले छोटो समयमै हेटौंडासम्मको यात्रा तयगर्न सक्ने भएकोमा खुशी छन् । साबिक बसामाडी गाविसबाट हेटौंडा उपमहानगरमा गाभिएको ध्याङसिङ्गटार, शिखरकोटलगायत क्षेत्रका बासिन्दा नकौंली-भैरबडाँडा हुँदै हेटौंडा-११ थानाभन्ज्याङ उत्रेर बजारसम्मको यात्रा गर्ने गर्दथे । त्यही यात्राको समय अब मिनेटमा झरेको छ । अहिले पनि पैदलयात्राबाट करिब ४ घण्टा र सवारी यात्राबाट झण्डै अढाई घण्टाको यात्रा गनुपर्ने हेटौंडा-१ का बिकट बस्तीहरु छन् । सुरुसुरुमा यहाँसम्म आउँदा लाग्ने समय र अहिलेको समयमा घेरै फरक भैसकेको स्थानीय बताउँछन् । हेटौंडा उपमहानगर पालिकाले हेटौंडा-११ सहिदस्मारक सडक हुँदै गाउँजाने सडक निर्माण गरेसँगै स्थानीयको बजारसँगको दुरी नजिकिएको हो । नबलपुरबाट स्मारक हुँदै पुण्यक्षेत्र जाने सडकबाट उकालो लागेपछि करिब २० मिनेटको सवारी यात्रामा गाउँसम्म पुग्ने अवस्था भएको छ । स्थानीय सरकारका रुपमा जनप्रतिनिधि निर्वाचित भएसँगै स्थानीयको बजारसँगको दुरीलाई घटाउनका लागि ७ वर्षको अवधिमा झण्डै १ करोड ५० लाख रुपैयाँको लागतमा सडक निर्माण, स्ल्याव ढलान सहितका काम गरिएको छ । विकासका पूर्वाधार निर्माण भएसँगै यात्राको समय छोट्टिएको छ । डाँडापाखाको उकालो बाटो पैदलयात्राबाट सदरमुकामसम्म आउँन दिनै माया मार्नुपर्ने अवस्थालाई पार गर्दै स्थानीयको बजारसँगको पहुँचलाई सहज बनाउँने वातावरण तयार भएको छ ।

घण्टौंको पैदलयात्राबाट सदरमुकाम हेटौंडासम्म आउने स्थानीयले पछि सवारीमा पनि लामै समय पारगर्नुको बिकल्प थिएन । अब छोटो समयमा बजार पुग्ने अवस्था भएको छ । उपमहानगरपालिकाले गत आर्थिक वर्ष र चालु वर्षमा गरी ८३ लाख रुपैयाँ बजेट सडकका लागि दिएको थियो । गत आर्थिक वर्षमा ५० लाख र चालु वर्षमा दिएको ३३ लाख रुपैयाँबाट बनदेवी-शिखरकोट जाने सडक अन्तर्गतको ५३० मिटर सडकको स्तरीकरण र स्ल्याव ढलानको काम सुरु भएको छ । शुक्रबार नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँले संयुक्तरुपमा सडक निर्माणको शिलान्यास गरेका छन् । गाउँलाई सहरसँगै जोड्दा ग्रामीण क्षेत्रमा उत्पादन हुने सागपातलगायतका तरकारी, कुखुरा, बाखालगायत पशुजन्य उत्पादन बिक्री गरेर ग्रामीण क्षेत्रका बासिन्दाले आर्थिक लाभ लिनु जरुरी छ । तर, पछिल्लो समयमा ग्रामीण क्षेत्रका बासिन्दाले सहरबाट तरकारी, खाद्यान्न, हल्का पेयपदार्थ खरिद गरेर लैजाने गरेका छन् । यो क्रम बढ्दै गएको खण्डमा गाउँबाट निर्यात गर्ने कुनै चिजबस्तु नभएर सबै आयात गर्नपर्ने अवस्था आउन सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ७ गते सोमबार २० मे २०२४ । द्वादशी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ६:४८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : राम्रो अवसर गुम्नेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : खर्च र दु:ख बढ्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : आकस्मिक लाभ हुनेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# सापेक्षावाद वा निरपेक्षवादको गोलचक्करमा बजेट



✍ वैकुण्ठ पाण्डे

जब अल्बर्ट आइन्सटाइनले सन् १९०५ मा संसारलाई एउटा विशिष्ट विचार दिएर गए, त्यो थियो सापेक्षावादको सिद्धान्त । सापेक्षावादमा पनि दुई कुराहरु छन्- विशेष सापेक्षता र सामान्य सापेक्षता । यी दुई सापेक्षताहरुलाई पृथ्वीको गुरुत्वाकर्षण शक्तिले विभाजन गर्दछ । पहिलोमा पृथ्वीको गुरुत्वाकर्षण शक्ति प्रवेश नगराईकन समय र शून्यताको विश्लेषण गरिन्छ भने दोस्रोमा पृथ्वीको गुरुत्वाकर्षण शक्तिसहितको पदार्थको व्यवहारको विश्लेषण गरिन्छ । राजनीति र अर्थनीतिमा सापेक्षतावादको सिद्धान्तको कस्तो साइनो हुन्छ र विशेष गरी बजेट निर्माण प्रक्रियामा यसको सन्दर्भलाई कसरी जोड्न मिल्ला भन्ने विषयमा विमर्श गरौं ।

राजनीति र अर्थराजनीति भनेकै सापेक्षतावादमा चल्ने कुरा हुन् । कुन वर्गको स्वार्थमा नियम कानुन बनाउने भन्ने कुरा राजनीतिक विषय हो । शासनमा आसीन शक्तिले कुन वर्ग स्वार्थको कुरा गर्दछ त्यही अनुकूल नियम कानुनहरु बन्दछन् । मानिलिनुस्, तराईका गरिब किसान मिटर ब्याजको चरम जाँतोमा किन पिल्सिएका रहेछन् त ? किनभने कानुन बनाउने, सरकार चलाउने ठाउँमा तिनीहरुप्रति मन खाने मानिस रहेनछन् । अरु त अरु, स्थानीय प्रहरी र प्रशासन पनि उनीहरुको पक्षमा रहेनछन् । भएको भए, यति लामो समयदेखि अन्यायमा पिल्सिँदा मन खाने धेरै मुटुहरु हुने थिए । यस्तै कुरा उखु किसान वा किसानका अन्य उत्पादन बाटोमा छरिँदा सिमानाबाट खुलेयाम विषादीसहितका तरकारी आउँथेनन् होला । वर्षौंदेखि नेपाली जंगलमा लडा-सडा-पडा सालका रुखहरुको उद्धार नगरी अर्बौंका फर्निचरहरु विदेशबाट भित्रिन्नथे होला । मन्त्रालय, विभाग वा अन्य सरकारी निकायहरुमा चाङका चाङ गाडीहरु हुँदाहुँदै नयाँ गाडी निकासी आदेश जारी हुँदैनथ्यो होला । वा भन्सार र ट्राफिक प्रहरी कार्यालयहरुमा मोटरसाइकल र गाडीका खातहरु विनालिलामी त्यसरी थन्किन्नथे होला ।

नेपाली जडीबुटीको सदुपयोग नगरी तयारी औषधि खरिद गरिँदैनथ्यो होला । हरेक ऐन, नियम, कानुन एउटा खेलको सिद्धान्तका आधारमा बनाउने गरिन्छ, जसमा एउटा समूहले हार्छ र अर्को समूहले जित्छ । हारिराखेको समूहले राजनीतिक प्रक्रियाबाट जित्ने समूहमा आफूलाई पार्ने प्रयास गरिराखेको हुन्छ । तर दुर्भाग्य, उसैका प्रतिनिधिहरुले सत्तामा गएपछि पहिला जितिराखेकै समूहको पक्षमा काम गर्दछन् र उता चुनावमा जितेर पनि हार्नुपरेको नमीठो अनुभूति गरिरहेका हुन्छन् बहुसंख्यक मतदाताहरु । केही उदाहरण लिऊँ, नेपाली युवाहरु रोजगारीको निम्ति बाहिरिँदा कसलाई फाइदा हुन्छ र कसलाई बेफाइदा ? पासपोर्ट बनाउँदादेखि म्यानपावर कम्पनीसम्म, एयरलाइन्सदेखि होटल व्यवसायसम्म, बैंक तथा वित्तीय संस्थादेखि निजी स्कूलसम्म र देशका उद्योगधन्दादेखि कृषियोग्य जमिनसम्म यसको निकै लामो लहरो तरंगित हुन जान्छ ।

नेपालमा विद्युतीय गाडीको आयातमा सहुलियत दिनुपर्ने कि नपर्ने भन्नेमा एउटा ठूलो बहस छ । त्यसमा पनि हार्ने र जित्नेहरुको आ आफ्नै तर्क र लबिङ भैहाल्ने भए । स्थानीय मदिरा वा विदेशी मदिरा भन्ने बहस अथवा गाँजा खेती गर्न दिनुपर्ने वा त्यसो गर्न नहुने बहस । हामी देखिराखेकै त छौं कि काठमाडौंमा मेयर बालेन शाहले गरेका काम निरपेक्षतावादको उपलब्धि त हुन् । उनी दलहरुप्रति सापेक्ष भएनन्, बरु विद्यमान कानुनको सापेक्षता काम गरे ।

स्थानीय सरकार सञ्चालन ऐन तथा कार्यविधिको अधीनमा रहेर काम गर्दा धेरै राम्रो गर्न सकिने रहेछ भन्ने दृष्टान्त त स्थापित भयो । अझ अर्को उदाहरण छ- डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा काठमाडौंका सडक चौडा पारियो । त्यति बेला भौतिक पूर्वाधारमन्त्री तराईका हुनुहुन्थ्यो (शायद फदयेश त्रिपाठी) । युद्धको मोर्चाबाट सत्तामा आएका प्र.म. र तराईको केन्द्रित राजनीति गर्ने मन्त्रीलाई काठमाडौंवासीको सापेक्षतामा किन बस्नु ? उनीहरु निरपेक्ष भैदिए, बाटो चौडा भयो ।

केन्द्रमा सरकार ढल्नेबित्तिकै प्रदेश सरकारहरु गल्र्यामगुर्लुम हुनुपर्ने कानुन दल सापेक्षता बनाइयो । अत: सापेक्षतावाद र निरपेक्षतावादको सबभन्दा ठूलो प्रयोगशाला समाज विज्ञानमा राजनीति नै हो । तीतो लाग्ला तर यो शाश्वत कुरा हो एम.सी.सी., बी.आर.आई., गोर्खा भर्ती, चुच्चे नक्सा, विदेशी सहयोगमा हाम्रा स्कुलमा गाडी, एम्बुलेन्स तथा पूर्वाधारमा खर्च गर्न सकिने प्रावधान पनि सापेक्षतावादकै सिद्धान्तमा बनेको हो । बरु त्यसको लाभ लिने केन्द्र विदेशी भए वा फेरिए । अत: यस्ता सापेक्षतावादी नियम कानुनहरुको यति लामो फेहरिस्त बन्न सक्छ, जुन यो छोटो आलेखमा समेट्न सम्भव नै छैन ।

संसद्मा विधेयक ल्याउनेदेखि ऐन बनाउनेसम्म यही सापेक्षतावादको सिद्धान्त लागू भएको हुन्छ । सरकारले वार्षिक बजेट बनाउँदा पनि ठ्याक्कै यही नियम लागू हुने गर्दछ । कस्तो बजेट ल्याउँदा देशलाई बढी लाभ हुन्छ, सामाजिक न्याय स्थापित हुन्छ, सामाजिक सद्भाव तथा राष्ट्रिय अखण्डता मजबुत हुन्छ, राष्ट्रिय सुरक्षा सुदृढ हुन्छ, व्यवस्था र सरकारप्रतिको विश्वास प्रगाढ हुन्छ, अर्थतन्त्र सबल र स्थिर हुन्छ भन्ने कुरामा विशेष ध्यान पुर्‍याउनुपर्दछ ।

यसबाट देशभित्रका स्रोतहरुको परिचालनमा संकुचन आउँछ । आयातबाट कमिसन धेरै हुने हुँदा हाम्रा उत्पादकहरु आयातकर्तामा रुपान्तरित हुँदै छन् । आयातकर्ताभन्दा उत्पादकलाई बढी लाभ हुने, धनीभन्दा गरिबलाई फाइदा गर्ने, शहरभन्दा ग्रामीण क्षेत्रमा लाभ जाने र स्थानीय सरकारमा अझ बढी आर्थिक अधिकारहरु दिने काम गरिएमा समाजमा सकारात्मक सन्देश प्रवाह हुन जान्छ ।

तसर्थ बजेटले समेट्ने क्षेत्रभन्दा पनि बजेटको आकार र दिशा महत्वपूर्ण हो । यसलाई अझ स्पष्ट भनौं, बजेटलाई जताततै छिरोलेर न मुखमा, न दुनामा पार्नुहुँदैन । बरु सरकारले उचित ठहर्‍याएको परियोजनामा अलि बढि बजेट दिएर छिटो परिणाम निकाल्ने प्रयास बजेटमा गरिनुपर्दछ । यस प्रयत्नबाट सम्पूर्ण राष्ट्रलाई एक निर्दिष्ट लक्ष्यप्रति आकर्षित गर्दछ । अत: बजेटको कन्टेन्ट, म्याग्निच्युड र डाइरेक्सन बजेट निर्माणको महत्वपूर्ण पक्ष हो भन्ने कुरा नीति निर्माताले बुझ्केकै हुनुपर्दछ ।

बजेट सार्वजनिक गरेर मात्र पुग्दैन । बजेटप्रति आमजनताको विश्वास कसरी जागृत गर्ने भन्ने कुरा विषेश हुन्छ । यसको आधार भनेकै सुशासन र पारदर्शिता हो । सुशासन र पारदर्शिता अर्थराजनीतिको सापेक्षतामा चल्ने भैहाल्यो । अहिलेसम्म बनेका सबै सरकारहरुको क्रियाकलापहरुको यिनको सापेक्षता कता रहेछ भन्ने कुरा बुझ्न त्यति कठिन भएन । जसरी पृथ्वीको गुरुत्वाकर्णण शक्तिको आधारमा सापेक्षतावाद दुई भागमा विभक्त गरियो, त्यसरी नै राजनीतिको गुरुत्वाकर्षण भनेको अवैध धन हो ।

अवैध धनबाट शक्ति आर्जन गर्ने हुनाले त्यो प्राप्त गर्न राज्यशक्तिको दुरुपयोग गर्ने काम हुन्छ । जसले यो मान्यतालाई त्याग्छ, उसले देशको सापेक्षतामा, आमजनताको सापेक्षतामा, भावी सन्ततिको सापेक्षतामा नीतिहरु ल्याउँछ, जसरी बालेन, हर्क साम्पाङ, गोपी हमालहरु गरे । यसको विपरीत जो जान्छ, ऊ सत्तावादको दलदलमा भासिन्छ । पौराणिक हिसाबले भन्ने हो भने ऊ नर्कमा भासिन्छ । देश र जनतालाई घात गर्नेहरुको सर्वनाश हुन्छ, अगति पर्दछन् । यो कटुसत्यलाई आत्मसात् गर्ने हो भने नगर्ने कामहरु केही पनि गरिन्न । अब धर्म केही होइन भनेर त्यो सत्ता दर्शनलाई लत्याउँदा हामी कहीं पुगिंदैन ।

जनतामा राज्यप्रति अब केही हुन्छ है भन्ने विश्वास जाग्यो भने त्यो सरकारको पारदर्शिता, सुशासन र सेवाप्रवाहको प्रकृति ठिक्कै रहेछ भन्ने बुझ्नुपर्‍यो । होइन भने त्यो के-के काम गर्दा आर्जन हुन्छ, त्यो काम गर्नुपर्‍यो । हाम्रा कार्यकारी संस्थाहरु, कर्मचारी, विद्यमान ऐन, नीति तथा कानुनहरु, तिनको अनुगमन गर्ने निरपेक्ष संयन्त्र, जनताप्रति जवाफदेहिता (वा रवाफ ?) आदि जस्ता संस्थागत पक्षहरुबाट मात्र एउटा राज्य सफल राज्य बन्न सक्ला । आउने बजेटले सबै काम एकै आर्थिक वर्षमा छुमन्तर गर्छ भन्ने पटक्कै होइन तर एउटा राम्रो कामको शुरुवात राम्रो मान्छेबाटै हुने हो । राम्रो प्रणाली बसालौं । भनिन्छ, महाजनाय स: पन्था । असल मानिस बडा जन हुन्छन्, उनीहरुको बाटो सबैले पक्रने गर्दछन् ।

अन्त्यमा, यो सरकारले राम्रो कामको थालनी गरोस् । कस्ता नीतिहरु ल्याउँदा आर्थिक वृद्धि उच्च हुन्छ, त्यस्तो नीति ल्याओस् । देशमा आशावादको लहर आउने, आर्थिक विकासका निम्ति नयाँ अभ्यास शुरु हुने, वास्तविक क्षेत्र सल्बलाउने, उत्पादकहरु उत्साहित हुने र बिचौलिया, माफियाहरुको रुवाबासी हुने, समाजमा न्यायोचित वितरण कायम हुने, देशमा बलियो र दिगो आर्थिक आधार निर्माण हुने वातावरण निर्माण गर्न धेरै ढिला भयो ।

बहुसंख्यक किसान, मजदुर, भूमिहीनहरुको पक्षमा ठोस काम अगाडि आउनुपर्‍यो । कर्चुकाएर ल्याएको बजेटले देशका तमाम समस्याको हल हुँदैन । यी सबै काम गर्न कोही त अगाडि आउनुपर्दछ, आऊलान् पनि । तसर्थ वर्तमान सरकारबाटै यो भयो भने महाजनाय स: पन्था हुन्छ । राम्रो बजेटको निम्ति अग्रिम शुभकामना !

*(साभार: नेपाल समाचार-पत्र)*

# सामाजिक सञ्जाल: वर्चस्व, सशक्तीकरण र प्रतिरोधको नयाँ साधन

✍ महेश्वर दाहाल

सामाजिक मिडिया प्लेटफर्म, जसलाई हामीले सामान्य रूपमा सामाजिक सञ्जाल भनेर बुझ्छौं, यसले त्यस्ता सामग्रीलाई प्राथमिकता दिन्छ, जसले समाजको वर्चस्वशाली मूल्य, मान्यता वा विश्वास बोकेको हुन्छ । फलस्वरूप त्यहाँ त्यस्तै सामग्री बढी देखिन्छन् र प्रभावशाली पनि हुन्छन् ।

**सांस्कृतिक पक्ष**

सूचना र सञ्चारका लागि सामाजिक मिडिया अर्थात् नयाँ मिडियाको निर्भरताले वर्चस्वशाली सांस्कृतिक मूल्य-मान्यता र दृष्टिकोणलाई आमरूपमा सर्वस्वीकार्य बनाइएको वा सामान्यीकरण गरिएको छ । त्यसैले सीमान्तकृत समुदायको संस्कृति, पहिचान र अभिव्यक्ति थप संकुचित भइरहेको छ । सांस्कृतिक अभिव्यक्ति र पहिचानहरूबाट तिनै वर्चस्वशाली वर्गले फाइदा उठाएका छन्, जसले हिजो ऐतिहासिक रूपमा त्यस्ता सीमान्तकृत समुदायमाथि दमन र शोषण गरेका थिए ।

त्यसैले सांस्कृतिक कारकहरू र विशिष्ट सांस्कृतिक परिवेशले नयाँ मिडियाको प्रयोग तथा सामग्रीको उत्पादन, वितरण, ग्रहण र उपभोगमा प्रभाव पार्छ । सांस्कृतिक मूल्य-मान्यता तथा विश्वास, भाषा, शिक्षा तथा ज्ञानप्रणाली, सामाजिक संरचना तथा गतिशीलता, सामाजिक तथा सांस्कृतिक विविधतासँगै मिडिया साक्षरता र सीप यसका अभिन्न पक्ष हुन् ।

हामीले भने नागरिकको जनपक्षीय विचार निर्माणमा सामाजिक सञ्जाल अर्थात् नयाँ मिडियाका प्रभावलाई राम्ररी केलाउनु, बुझ्नु र अङ्गीकार गर्नु जरुरी छ । जसरी विपरीत खेमाले यसलाई वर्चस्व, सशक्तीकरण र प्रतिरोधको नयाँ साधनका रूपमा उपयोग गरेको छ, हामीले पनि सामाजिक न्याय तथा समाजवादसम्मको अभियानमा यसको वर्चस्वपूर्ण उपयोग गर्नु जरुरी छ ।

अर्थपूर्ण सामग्रीको प्रस्तुतिमार्फत पाठक, स्रोता एवम् दर्शकलाई सशक्तीकरण गर्ने रणनीति तय गर्नु जरुरी छ । प्रचारमा चेतना र प्रविधि दुबैको गहिरो सम्बन्ध हुन्छ तर चेतनालाई प्राथमिकता दिँदै प्रविधिको प्रभावकारी उपयोग गर्नेमा हामी पोख्त हुनैपर्छ ।

**वर्चस्व बुझौं**

स्पष्ट जानकारी, प्रत्यक्ष नियन्त्रण वा दवावबिना नै परोक्ष मत वा शक्ति निर्माण गर्ने पुँजीवादी चरित्र नै नयाँ मिडियाको मूल प्रवृत्ति हो । त्यसको उद्देश्य के हो भने विद्यमान वा स्थापित शक्ति संरचनालाई बचाइराख्ने, विपक्षी, विरोधी वा प्रतिपक्षी मूल्य र विचारहरूलाई बहिस्कार गर्ने नै हो । यस्तो शक्ति प्राय: अदृश्य हुने भएकाले सामान्यत: यसलाई हलुका रूपमा लिइन्छ । फलस्वरूप त्यो स्वीकार्य बन्दै जान्छ र यसलाई चुनौती दिन वा प्रतिरोध गर्न मुस्किल पर्दै जान्छ । वर्चस्वलाई बुझ्नु भनेको समाजमा शक्ति वा सत्ताको सञ्चालन कसरी हुन्छ भनेर बुझ्नु र त्यही अनुसारको प्रतिरणनीति बनाउनु हो, जसबाट समाजका वर्चस्वशाली सांस्कृतिक मूल्य, विचार तथा विश्वासहरूलाई चुनौती दिन सकिन्छ ।

**वर्चस्वको टकराव**

नयाँ मिडियाको प्रभावसँगै यसमार्फत वर्चस्व स्थापित गर्न शक्ति राष्ट्रका बीच नयाँ संघर्ष सुरु भएको छ । यसमा राजनीतिसँगै व्यापार संघर्ष समेत जोडिएको छ । अमेरिकाले चिनियाँ कम्पनी टिकटकमाथि प्रतिबन्ध लगाउनुको एउटा कारण अमेरिकी कम्पनी अल्फाबेट, मेटा र स्न्यापको प्रोत्साहन गर्नु भएको अमेरिकाबाट प्रकाशित हुने फोर्ब्स पत्रिकाले जनाएको छ ।

टिकटकमाथि प्रतिबन्ध लगाउँदा अमेरिकाका यी तीन कम्पनीहरूले आफ्नो बजार प्रभाव बढाउने विश्लेषण गरिएको छ । टिकटकलाई पाखा लगाएपछि अल्फाबेट, मेटा र स्पटलाइटको माउ कम्पनी स्न्यापको शेयर बढ्ने अनुमान गरिएको थियो । तर, प्रतिबन्ध लगाए पनि सबैभन्दा लोकप्रिय सामाजिक सञ्जालका रूपमा त्यहाँ टिकटक नै स्थापित छ । यहाँ स्मरणीय छ, नेपालमा टिकटकमाथिको प्रतिवन्ध शक्ति राष्ट्रको प्रभाव र दबाबकै परिणाम हो ।

**वर्चस्वविरुद्ध के गर्ने ?**

सीमान्तकृत समुदायका आवाजहरूको प्रवर्द्धनका लागि सूचना तथा ज्ञानमा पहुँच, त्यस पक्षधरहरूको सञ्जाल वा सङ्गठन निर्माण तथा नेटवर्किङ र सामाजिक परिवर्तनको वकालत नै नयाँ मिडियालाई पुँजीवादी वर्चस्वविरुद्ध खडा गराइराख्ने अस्त्र हो । त्यसमार्फत समाज, अर्थतन्त्र, पूर्वाधार र विकास जस्ता जनपक्षीय उपलब्धिहरूको प्रचारप्रसार गर्ने, जनपक्षीय शक्तिको सशक्त तथा विश्वसनीय छवि निर्माणका लागि सन्देश प्रवाहमा नियमितता तथा एकरूपता कायम गर्ने, जनसमुदायका सरोकार, गुनासा र समस्या सुन्न, बुझ्न तथा प्रभावकारी ढङ्गले सम्बोधन गर्न नतिजाउन्मुख वातावरण सिर्जना गर्ने, जनसम्बन्ध निर्माण तथा सुधार गर्ने । सन्देशहरू सिर्जना गर्दा कथा वाचन शैली प्रयोग गर्ने ताकि उक्त कुराले पाठक, श्रोता, दर्शक वा जनसमुदायको भित्री भावना जागृत गर्न सकोस् । त्यो भनेको तथ्य, प्रमाण, उदाहरण तथा सन्दर्भहरूसहित आफ्ना कुरालाई पुष्टि गर्नु हो ।

पढ्नेहरू घटेका छन् र पढ्ने तरिका पनि फेरिएको छ । त्यसैले सकभर सकारात्मक शैली र भाषा प्रयोग गर्ने, छलफल वा बहसलाई नतिजाउन्मुख बनाउन कोसिस गर्ने । परम्परागत मिडिया, इन्टरनेटमा आधारित सञ्चार, सोसल मिडिया र व्यक्तिगत तथा सामूहिक सञ्चारले प्रस्तुत गर्ने सामाग्री तथा समुदायमा हुने स-साना कार्यक्रमका सकारात्मक कुरालाई जनसमक्ष पुर्‍याउन लागिपर्ने । आलोचनाहरूबाट भाग्ने होइन त्यसलाई रचनात्मक रूपमा सम्बोधन गर्ने । जहाँ आलोचना हुन्छ, त्यहाँ अरुलाई सहमत गराउने अवसर पनि प्राप्त हुन्छ, उक्त अवसरको सही उपयोग गर्दा स्वयको परिपक्वता पुष्टि हुन्छ ।

जनसमुदायको तल्लो हिस्सासम्म पुग्ने गरी सन्देशहरूमा विविधता ल्याउने, स्थानीय कमिटीका पहल र उपलब्धि के छन् ? त्यसकारण जीवनमा परिवर्तन आएका व्यक्तिहरू को छन् ? उनीहरूको कथा लिपिबद्ध गर्ने, भिडियो बनाउने । सञ्चारमा पारदर्शिताको महत्व मुख्य हुन्छ । यसर्थ, नीति, निर्णय प्रक्रिया र भावी योजनाहरूका सन्दर्भमा पारदर्शिता अपनाउने, ताकि जनसमक्षमा विश्वास वृद्धि गर्न सकियोस् । जनपक्षीय दर्शन र सिद्धान्तका बारेमा आन्तरिक कमिटीलाई मात्र नभएर जनतालाई पनि शिक्षित, प्रशिक्षित गरिरहने । त्यसका लागि छोटा भिडियोहरू, आकर्षक पोस्टरहरू प्रवाह गर्ने ।

सोसल मिडियाहरूमा लेख्दा, बोल्दा वा प्रतिक्रिया दिँदा सकारात्मक रूपमा प्रस्तुत हुने । गालीगलौज र धम्कीले व्यक्ति तथा कमिटीको छविमा झन् नकारात्मक असर परिरहेको हुनसक्छ । सामाजिक एकता र समावेशिता प्रवर्द्धन हुने गरी सञ्चार सामग्रीहरू निर्माण गर्ने, भाषाको प्रयोगमा पनि समावेशी हुने । निश्चित जाति, लिङ्ग वा समुदायलाई होच्याउने खालका भाषा तथा शब्द प्रयोग नगर्ने र संविधानले बन्देज गरेका कुराहरूमा सम्वेदनशीलता अपाउने ।

समकालीन विश्वपरिवेश, क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय मुद्दाहरू, जनपक्षीय संस्थागत नीति, कार्यक्रम र रणनीतिहरूबारे जनसमुदायलाई नियमित प्रशिक्षित गर्ने । विपक्षी/विरोधीका कमजोरीहरूबारे जनसमुदायलाई जानकारी दिने र त्यहीअनुसारको मनोविज्ञान निर्माण गरी त्यसलाई जनहितका पक्षमा सदुपयोग गर्ने । यसलाई नागरिकमुखी पत्रकारिता पनि भन्न सकिन्छ ।

**के हो नागरिकमुखी पत्रकारिता ?**

वेबसाइट, ब्लग र सामाजिक सञ्जालहरू प्रयोग गरेर जनताले जनतालाई नै सूचित गर्ने अभ्यास नागरिक पत्रकारिता हो । यसको व्यवस्थित जग दक्षिण कोरियाबाट निर्माण भएको हो । सन् २००० देखि यस माध्यमले फड्को मार्दै आएको छ । दक्षिण कोरियाका अनलाइन उद्यमी ओह येओन-होको नेतृत्व टिमले 'सबै नागरिक रिपोर्टर'को अवधारणा ल्याएको हो । त्यसमा स्वयंसेवकहरू नै प्रयोग गरिए । अहिले विश्वभरि इन्टरनेटले लाखौं समाचार साइट र ब्लगहरू जन्माएको छ, जसलाई सहभागी पत्रकारिता भनिएको छ । इन्टरनेटमार्फत हुने शोषण अन्त्यका लागि पनि हामीले सहभागितामूलक नागरिक पत्रकारितालाई स्थापित गर्नु जरुरी छ ।

जाने श्रीखण्ड र नजाने खुर्पाको बिँड भने जस्तै हो यो सामाजिक मिडिया । यसलाई सही ढङ्गले प्रयोग नगर्दा भने यसले उल्टो नोक्सानी गर्नेछ । उल्टो शोषण गर्नेछ । इन्टरनेटमा आधारित सोसल नेटवर्किङ साइटहरूले युजर (प्रयोगकर्ता) लाई नि:शुल्क काममा लगाउँछन् र युजर जेनेरेडेट कन्टेन्ट (प्रयोगकर्ताले उत्पादन गर्ने सामग्री) का आधारमा पैसा कमाउँछन् । अल्गोरिदम र आर्टिफिसियल इन्टेलिजेन्समार्फत प्रयोगकर्ताका एक-एक गतिविधिमा नजर राख्छन् र प्रयोगकर्ताको व्यवहारका आधारमा विज्ञापन देखाएर कमाउँछन् । जति बढी भिजिटर, उति विज्ञापन, जति विज्ञापन, उति नाफा, जति नाफा, उति शोषण ।

हामी सोसल मिडियामा फोटो हालेर रमाउँछौं, उता ठूला टेक कम्पनीहरू मालामाल हुन्छन् । यता हामी निराश हुन्छौं र केही लेख्छौं, उता ठूला टेक कम्पनीहरू मालामाल हुन्छन् । यसलाई सही रूपमा प्रयोग गरियो भने वा उत्पीडित वर्ग र समुदायको पक्षमा नागरिक पत्रकारिता गरियो भने टेक कम्पनीहरुको आधुनिक शोषणको माखेसाङ्लो तोड्न मद्दत पुग्नेछ ।

**समाजवादी यात्राको माध्यम**

सामाजिक सञ्जालको सही प्रयोगले समाजवादी आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । जसरी आजको विश्वमा पुँजीवादको शोषण जारी राख्न तथा फासिवादी विचार सही हो भन्न उनीहरु सफल छन् । सामाजिक सञ्जालले विचारहरूको आदानप्रदान गर्न तथा राजनीतिक र सामाजिक आन्दोलन निर्माणका लागि सङ्गठन, संजाल र व्यापक जनसमुदायसँग संवाद स्थापना गर्ने क्षमता राख्दछ ।

समाजवादको आधार निर्माणका लागि सांस्कृतिक रूपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत कुरा हो । फेरि यो स्वत:फुर्त हुँदैन । समाजवादी विचारधारा र संस्कृति निर्माणको पक्षमा सम्पूर्ण जनपक्षीय पार्टी, सङ्गठन र मोर्चाहरूले सचेततापूर्वक पहल बढाउनुपर्छ । तर, यो सजिलो चाहिँ छैन । यसविरुद्ध उत्तिकै प्रहार आउन सक्छन् । समाजवादी सञ्चार (पत्रकारिता) गर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी कार्ल मार्क्सलाई समेत अमेरिकासहित पश्चिमा शासकहरुले भीड उत्तेजित गर्ने अराजक पत्रकार (rabble–rousing journalist) को संज्ञा दिएको सन्दर्भ यहाँ स्मरणीय छ । तर, स्वतन्त्र मस्तिक र साहसबाट मात्रै नयाँ-नयाँ आविस्कार गर्न सकिन्छ भन्ने कुरा मार्क्सले स्थापित गरेरै छाडे ।

सन् १९९० को दशकपछि इन्टरनेट व्यापारिक हिसाबले प्रयोगमा आएसँगै यो प्लेटफर्म बोल्ने, हेर्ने र सुन्ने प्रभावकारी सञ्चारका रूपमा देखियो । २१औं शताब्दीको पहिलो दशकदेखि समाजवादीहरूले पनि यसमार्फत आफ्ना सिद्धान्त, राजनीति, इतिहास, संस्कृति आदिबारे प्रचार, छलफल गर्न जोड दिँदै आएका छन् ।

*(साभार: रातोपाटी)*

# २० करोडसम्मका स्वदेशी उद्योगलाई ब्याज अनुदान दिइँदै, यस्तो बन्यो कार्यविधि




काठमाडौं/सरकारले लघु, घरेलु तथा साना उद्योग र अधिकतम २० करोडसम्म स्थिर पूँजी भएका मझौला उद्योगलाई व्यावसायिक कर्जाको ब्याजमा अनुदान दिने भएको छ ।

चालु आर्थिक वर्ष (आव) २०८०/८१ को बजेटमा घोषणा गरिएको 'प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम' कार्यान्वयन गर्दै सरकारले कर्जाको ब्याज अनुदानमा दिने तयारी गरेको हो ।

सरकारले हालै 'प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१' स्वीकृत गरेको छ । कार्यविधि अनुसार उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित लघु, घरेलु तथा साना उद्योग र २० करोडसम्म स्थिर पूँजी भएका मझौला उद्योगले सम्बन्धित उद्योगबाट उत्पादन हुने वस्तु उत्पादन वा प्रशोधनका लागि लिएको व्यावसायिक कर्जामा ब्याज अनुदान पाउने भएका हुन् ।

बजेटले आन्तरिक उत्पादन र उपभोग प्रोत्साहन गर्न भन्दै उक्त कार्यक्रम घोषणा गरेको थियो । जसमा भनिएको थियो, 'स्वदेशी कच्चापदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणमा सहयोग गरिने छ ।'

कृषि, तयारी पोसाक, औषधि, फुटवेयर लगायत उच्च आन्तरिक खपत भएका उद्योगलाई प्रोत्साहन गर्न लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

यस कार्यक्रमका लागि सरकारले चालु आवमा ५० करोड रुपैयाँ विनियोजन गरेको छ । सोही कार्यक्रम मार्फत सरकारले सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तु प्रयोग मिलाइने समेत घोषणा गरेको थियो ।

कार्यविधि अनुसार विनियोजित बजेटको ६० प्रतिशत ब्याज अनुदानमा उपयोग गरिने भएको छ । बजेटको ४० प्रतिशत रकम भने उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित लघु, घरेलु तथा साना उद्योग र २० करोडसम्म स्थिर पूँजी भएका मझौला उद्योगलाई सम्बन्धित स्थानीय तहमार्फत प्रविधि हस्तान्तरण गरिने भएको छ ।

**उद्योगले कति पाउनेछन् ब्याज अनुदान ?**

कार्यविधि अनुसार लघु, साना र मझौला उद्योगले लिएको कर्जामा लाग्ने ब्याजमध्ये ५ प्रतिशत ब्याज अनुदान पाउने भएका छन् । तर, महिलामात्र सञ्चालक रहेका उद्योगले लिएको कर्जामा भने ६ प्रतिशत ब्याज अनुदान दिइने छ । उद्योग भने सरकारले निश्चित मापदण्ड तोकी छनोट गर्ने भएको छ ।

**२१ दिनको म्यादसहित प्रस्ताव मागिने**

ब्याज अनुदान तथा प्रविधि हस्तान्तरण प्राप्त गर्न चाहने यस्ता स्वदेशी उद्योगसँग उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रस्ताव माग्ने भएको छ ।

मन्त्रालयमा कार्यक्रम कार्यान्वयन इकाइ राखिने र सोही इकाइमार्फत यो कार्यक्रम कार्यान्वयन गरिने भएको छ । २१ दिनको समय राखेर मन्त्रालयले यस्तो प्रस्ताव आह्वान गर्ने भएको छ ।

अन्य निकायबाट सोही प्रकृतिको सहुलियतपूर्ण कर्जा सुविधा नलिएका, प्रचलित कानुन अनुसार कालोसूचीमा नपरेका र नियमानुसार दर्ता भएका उद्योगहरूले प्रस्ताव गर्न सक्ने भएका छन् । यसका लागि सम्बन्धित स्थानीय तहबाट भने सिफारिस चाहिने भएको छ । मन्त्रालयमा रहेको कार्यक्रम कार्यान्वयन इकाइ प्रमुख संयोजकत्वमा रहेको प्रस्ताव मूल्यांकन समितिले सिफारिस गर्ने भएको छ ।

**यी आधारमा छानिने छन् उद्योग**

कार्यविधि अनुसार उद्योगको गत वर्षको उत्पादन क्षमता, उद्योगले सिर्जना गरेको रोजगारी संख्या, उद्योगले प्रयोग गरेको कच्चापदार्थको प्रतिशत, उद्योगबाट भएको निर्यात प्रतिशत, व्यावसायिक निरन्तरता, महिलाबाट सञ्चालित उद्योग, वातावरणीय प्रभाव न्यूनीकरण उपाय अपनाइएको आधार समेतलाई ध्यानमा राखेर उद्योग छनोट गरिने कार्यविधिमा उल्लेख छ ।

छनोट भएकामध्ये ५० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावकमध्ये सबैभन्दा धेरै अंक प्राप्त गर्ने उद्योगलाई यो अनुदान दिइने छ ।

त्यसमा पनि लघु र घरेलु उद्योग ५० प्रतिशत, साना उद्योग ३५ प्रतिशत र मझौला उद्योग १५ प्रतिशतका दरले छनोट गरिने भएको छ । छनोट भएका उद्योगलाई सम्झौताका लागि १५ दिनको समय दिइने छ ।

सम्झौता भएका प्रस्तावकलाई नेपाल राष्ट्र बैंकले ब्याज अनुदान रकम सम्बन्धित प्रस्तावको बैंक खातामा पठाउने भएको छ । प्रविधि हस्तान्तरण भने स्थानीय तहले खरिद गरी प्रदान गर्ने भएको छ ।

कुनै प्रस्तावकले पेस गरेको विवरण झुटो ठहरिए सरकारले सरकारी बाँकी सरह असुलउपर गर्ने गरी कार्यविधिले अधिकार दिएको छ ।

**कस्ता उद्योगलाई लक्षित गरी दिन लागिएको हो अनुदान ?**

मन्त्रालयका अनुसार स्वदेशी कच्चापदार्थमा आधारित दैनिक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योग, प्राथमिक कृषि उपजको प्रशोधन तथा उत्पादन (दूध, तरकारी, फलफूल, माछा, मासु तथा खाद्यान्न) गर्ने उद्योगले यसमा प्रस्ताव पेस गर्न सक्ने भएका छन् ।

अलैंची, अदुवा, चिया, कफी, मसला लगायत प्रशोधन गर्ने उद्योग, स्वदेशी कच्चापदार्थमा आधारित जैविक एवम् प्रांगारिक मल उत्पादन गर्ने उद्योग, जडीबुटी प्रशोधन तथा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योग लगायतले प्रस्ताव पेस गर्न सक्ने भएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'आचार्य' फिल्ममा भजन शिरोमणीको निधनपछिका दृश्य पनि हेर्न पाइने



काठमाडौं/वरिष्ठ संगीतकार तथा गायक भक्तराज आचार्यको बायोपिक फिल्म 'आचार्य' असार ७ गतेदेखि प्रदर्शनमा आउने भएको छ । शनिबार आयोजित पत्रकार सम्मेलनमा यसको स्वदेश र विदेशको प्रदर्शन मितिको घोषणा गरियो ।

फिल्ममा आचार्यको भूमिका उनकै जेठा छोरा तथा गायक सत्यराजले निर्वाह गरेका छन् । उनी फिल्मका निर्माता समेत हुन् । पहिलो पटक रिलिज हुँदा धेरैले हेर्न नपाएकाले पुन: रिलिज गर्न लागिएको उनले बताए ।

पुन: प्रदर्शन बुबाप्रति 'ट्रिब्युट' रहेको उनको भनाई छ । नयाँ फिलमजस्तै गरि यसको पुन:प्रदर्शन हुनेछ । आउँदो साता ट्रेलर रिलिज हुनेछ । असार ५ गते राजधानीमा प्रिमियर शोको आयोजना गरिएको छ ।

प्रशान्त रसाइली निर्देशित फिल्ममा सत्यसहित सुनिल पोखरेल, अरुणा कार्की, दयाहाङ राई, विपिन कार्की, सौगात मल्लको अभिनय छ । आचार्यका कान्छा छोरा तथा गायक स्वरुपले पनि श्रद्धाञ्जली स्वरुप फिल्मको पुन: प्रदर्शन गर्न लागिएको बताए ।

'सायद त्यो बेला फिल्मको लागि सही समय थिएन होला । अहिले एकदमै उपयुक्त समय लागेकाले पुन: रिलिज गर्न लागेका हौं' उनले भने । फिल्ममा गायक आचार्यको जीवनका पाटा केलाइएको छ ।

गाउँबाट काठमाडौंमा आएर संगीतमा स्थापित हुन उनले गरेको संघर्षको कथावस्तुमा फिल्म आधारित छ । २०४६ सालमा सांघातिक आक्रमणपछि उनको जिब्रोमा सेतो दाग देखिएको थियो । डाक्टरले क्यान्सर भएको बताएपछि जिब्रो काटिएको थियो । यसपछि उनको सुर र स्वर गुम्न पुग्यो । त्यो घटनालाई पनि फिल्मले चित्रण गर्छ । रि-रिलिजबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा संगीतकार लक्षण शेष, चेतन सापकोटा, बसन्त सापकोटा लगायत सहभागि थिए । नेपालमा ब्यांकटेस र विदेशमा सेभेन सिजले प्रदर्शन गर्न लागेका हुन् ।

पुन: सम्पादन गरेर फिल्म प्रदर्शन गर्न लागिएको हो । फिल्ममा भजन शिरोमणीको निधनपछिका दृश्य पनि समावेश गरिएको छ । यसपटक आफूहरूले दर्शकलाई पूर्णरुपमा बायोपिक देखाउन खोजेको अभिनेता सत्यराजले बताए । फिल्मका निर्माता रोशन राई हुन् ।

# 'कालो कालो कपालमा खैरो कलर' भन्दै नाचिन् प्रियंका



काठमाडौं/प्रियंका कार्की अभिनित रोमान्टिक गीत 'कालो कालो कपालमा खैरो कलर लाकी' सार्वजनिक गरिएको छ । राजनराज सिवाकोटीको शब्द, संगीत, स्वर रहेको गीतमा सिवाकोटीलाई गायनमा गायिका मिलन नेवारले साथ दिएकी छन् ।

भिडियोको अभिनयमा प्रियंकालाई गम्भिर बिष्टले साथ दिएका छन् । निर्देशन समेत बिष्टले नै गरेका हुन् । प्रियंकाको यो भिडियो सहित आरजे इन्टरटेनमेन्टको औपचारिक युट्युव च्यानल सुरुवात गरिएको हो ।

सुरुवातको कोसेली स्वरुप आरजे इन्टरटेनमेन्टले आनी छोइङ् डोल्माको स्वरमा 'आकाश उज्यालो आकाशैको ताराले, जिन्दगी अध्यारो लोभीपापी पाराले' गीत र हाँस्यकलाकार राजेन्द्र नेपाली 'लट्टे'को 'हट पोटेटो' नामक धारावाहिक कमेडी पनि बाहिर ल्याएको छ ।

'रमाइलोको साथी' नारासहित सुरु भएको आरजे इन्टरटेनमेन्ट दर्शकलाई विशुद्ध मनोरञ्जनका बिभिन्न खुराक पस्कने उदेश्यले ल्याइएको आरजे इन्टर टेनमेन्टका संचालन राजु केसीले बताए ।

गीत 'आकाश उज्यालो'मा राजनराज सिवाकोटीको संगीत तथा राजु केसीको शब्द छ । सार्वजनिक दुबै गीतको भिडियोका निर्माण सल्लाकार सुवाशराज काफ्ले हुन् । आरजेले यो बर्ष आफ्नै लगानीमा २५ गीतसंगीत, २५ धारावाहिक सिरियल र २५ बाहिरको कन्टेन्ट गरेर ७५ कन्टेन्ट ल्याउने लक्ष्य बनाएको छ ।

# दुई ब्याच उछिनेर डीआईजी बढुवा, राष्ट्रिय अनुसन्धानबाट आएको टोली नै छुट्यो



काठमाडौं/नेपाल प्रहरीका चार प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)हरु प्रहरी नायव महानिरीक्षक (डीआईजी) बढुवाका लागि सिफारिस भएका छन् । बढुवा सिफारिस समितिले शुक्रबार राति चार एसएसपीलाई डीआईजी बढुवाका लागि सिफारिस गरेको हो ।

सिफारिस सूचीअनुसार पहिलो नम्बरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा कार्यरत कृष्णहरि शर्मा पोखरेल सिफारिस भएका छन् । दोस्रो नम्बरमा प्रहरीको महानिरीक्षकको सचिवालयमा कार्यरत एसएसपी दानबहादुर कार्की सिफारिस भएका छन् ।

तेस्रो नम्बरमा प्रहरी प्रधान कार्यालयकै महिला तथा बालबालिका निर्देशनालयमा कार्यरत डा मनोज केसी सिफारिस भएका छन् । चौथो नम्बरमा प्रधान कार्यालयकै तालिम निर्देशनालयमा कार्यरत राजन अधिकारी बढुवा सिफारिस भएका छन् ।

तीन डीआईजीको दरबन्दी अहिले रिक्त भए पनि यही १० जेठमा अर्का डीआईजी सुरेन्द्र मैनाली उमेर हदका कारण अवकाशमा जाने भएपछि मैनालीको ठाउँमा रिक्त हुने दरबन्दीलाई समेत मिलान गरेर चार जनालाई बढुवाका लागि सिफारिस गरिएको हो ।

यस पटक तीन फरक-फरक मितिमा एसएसपीमा बढुवा भएका चार ब्याचीहरुबीच डीआईजी बढुवाका लागि प्रतिस्पर्धा भएको थियो ।

जसमा २०५१, २०५२, २०५३ र २०५४ मा प्रहरी निरीक्षक (इन्सपेक्टर) मा भर्ना भएका चार ब्याचका ३० भन्दा बढी एसएसपीहरु प्रतिस्पर्धामा थिए । जसमा २०५२ मा इन्पेक्टर भएका शर्मा, २०५४ को टोलीका कार्की, केसी र अधिकारी बढुवाका लागि सिफारिसमा परेका छन् ।

२०५१ र २०५३ मा प्रहरी निरीक्षकमा भर्ना भएका ब्याचबाट भने बढुवामा कोही पनि परेनन् । अझ यो बढुवामा २०५३ सालमा इन्सपेक्टरमा भर्ना भएकाहरु छुटेकाले उनीहरु भावी प्रहरी महानिरीक्षकको प्रतिस्पर्धाबाट अहिले नै बाहिर परेका छन् ।

२०५३ मा इन्सपेक्टर भएका एसएसपीहरु आफूहरु बढुवा नभए पनि कुनै पनि हालतमा २०५४ को टोलीलाई बढुवा गर्न नहुने लबिइङमा थिए । तर, उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि बढुवा सिफारिस समितिले २०५४ को टोलीका कार्की, केसी र अधिकारीलाई बढुवाका लागि सिफारिस गरेको हो । कार्की र केसी भुटानी शरणार्थी प्रकरणाको अनुसन्धान गरेका अधिकृत हुन् । उनीहरुसँगै बढुवा भएका २०५४ कै टोलीका अधिकारी पनि राम्रो अफिसरमा पर्छन् ।

२०५४ मा इन्सपेक्टरमा भर्ना भएकाहरु अहिले नै डीआईजी बढुवा भएको अवस्थामा २०५३ को टोलीलाई समेत उछिन्दै लामो समय आईजी बन्न सकिने हुँदा लबिङमा थिए । अन्तत: उनीहरु २०५३ को टोलीलाई उछिन्दै बढुवा हुन सफल भएका छन् ।

२७ कात्तिक २०५२ मा इन्सपेक्टरमा भर्ना भएका कृष्णहरि शर्मा पोखरेल एसएसपीमा बढुवा भएको मितिले सबैभन्दा सिनियर थिए । उनी बढुवाको पहिलो नम्बरमा परेका छन् । शर्मा ९ माघ २०७७ मा एसएसपीमा बढुवा भएका थिए ।

शर्माभन्दा अघि ५ चैत २०५१ मा भोलाबहादुर रावल, ध्रुवराज राउत र गणेश चन्दले इन्सपेक्टरको नियुक्त लिएका थिए । तर, एसएसपी बढुवामा भने शर्मा भन्दा उनीहरु पछि थिए । रावल र राउत १२ मंसिर २०७८ मा एसएसपीमा बढुवा भएका थिए । चन्द भने उनीहरु भन्दा पछि २०५३ र २०५४ को टोलीसँगै १ साउन २०७९ मा एसएसपीमा बढुवा भएका थिए । उनीहरु तीनै जना बढुवामा छुटेका छन् । कार्यसम्पादनमा उनीहरु कमजोर रहेको बताइएको छ ।

विशेषगरी अहिलेको डीआईजी बढुवामा २०५३ र २०५४ को टोलीबीच द्वन्द्व नै देखिएको थियो । ५ पुस २०५३ मा राष्ट्रिय अनुसन्धान विभागमा भर्ना भएर नेपाल प्रहरीमा स्थानान्तरण भएका र १८ चैत २०५४ मा प्रहरी इन्सपेक्टरमा भर्ना भएकाहरुबीच अहिले बढुवाको मुख्य रस्साकस्सी देखिएको थियो ।

यी दुई टोलीबीचको द्वन्द्व राष्ट्रिय अनुसन्धानबाट स्थानान्तरण भएर आएदेखि सुरु भएको हो । २०५४ को टोली डीएसपी बढुवा हुने बेलामा राष्ट्रिय अनुसन्धानबाट स्थानान्तरण भएर आएकाहरु डीएसपी बढुवा भएका थिए । राष्ट्रिय अनुसन्धानबाट आएकाहरु एक वर्ष पहिला भर्ना भएको सिनियर टोली भन्दै २०५४ को टोलीलाई छुटाएर ३० पुस २०६४ मा डीएसपीमा बढुवा भएका थिए । उनीहरुकै कारण २०५४ का टोलीको डीएसपी बढुवा दुई वर्ष पछि धकेलिएको थियो । २०५४ का टोलीहरु २६ मंसिर २०६६ मा बल्ल डीएसपीमा बढुवा भएका थिए ।

त्यसपछि एसपी र एसएसपीमा भने २०५३ र २०५४ का टोलीहरुको एकै पटक क्रमश: ३१ असार २०७४ र १२ मंसिर २०७८ मा भएको थियो ।

२०५३ को टोलीबाट डीआईजी बढुवाको प्रतिस्पर्धामा सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदीलगायत थिए । शाह, राठौर, चतुर्वेदीसहित राष्ट्रिय अनुसन्धानबाट आएको २०५३ को टोली र २०५१ को टोलीलाई समेत उछिनेर २०५४ को टोली डीआईजीमा बढुवा भएको छ । उनीहरुको बढुवासँगै राष्ट्रिय अनुसन्धानबाट आएको टोली अहिलेकै परिस्थितिमा प्रहरी महानिरीक्षक बन्ने प्रतिस्पर्धाबाट बाहिर पर्ने देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# चितवनको देवनगरमा विद्युत सबस्टेसन सञ्चालनमा

काठमाडौं/चितवनको देवनगर सबस्टेशन शनिबारदेखि सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

चितवनको भरतपुर महानगरपालिका-६ देवनगरमा निर्माण गरिएको ३३/११ केभी क्षमताको सबस्टेसन तथा गोन्द्राङ-देवनगर ३३ केभी प्रसारण लाइन उद्धाटन गरिएको हो ।

भरतपुर महानगर पालिकाका प्रमुख रेनु दाहाल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार संयुक्त रुपमा सबस्टेसन तथा प्रसारण लाइनको उद्धाटन गरेका हुन् ।

मेयर दाहालले लो भोल्टेजका कारण उद्योग व्यवसाय नचलेको, पंखा नचलेको भन्ने उपभोक्ताबाट आउने गुनासो देवनगर सबस्टेसन सञ्चालनमा आएपछि सम्बोधन हुने बताइन् ।

चितवन राष्ट्रिय निकुञ्ज, स्थानीय बासिन्दालगायतको साथ र सहयोगले लाइन तथा सबस्टेसन निर्माण भएको उल्लेख गर्दै उनले स्थानीयको मागबमोजिम केही क्षेत्रमा नाङ्गो तार बदलेर कालो तार राख्ने र तारलाई भूमिगत गर्ने काम गर्न आग्रह गरिन् ।

महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले सबस्टेसन सञ्लनमा आएसँगै महानगरपालिकाको पश्चिमी भेगको विकासका लागि कोशेढुङ्गा साबित हुने बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आगामी ५० वर्षमा महानगरपालिकामा हुने विद्युत् मागमा प्रक्षेपण गरी २४ सै घण्टा विश्वसनीय, गुणस्तरीय र पर्याप्त विद्युत आपूर्तिका लागि काम अगाडि बढाइसकेको बताए ।

महानगर क्षेत्रमा भइरहेको तीव्र सहरीकरणका कारण बढिरहेको विद्युत् मागलाई सम्बोधन गर्न ३३ केभीको रिङ मार्फत १२३ केभी सबस्टेसनमा जोड्ने गरी काम भइरहेको उनको भनाइ छ ।

देवनगर सबस्टेसनबाट महानगरपालिकाका वडा नं ५, ६, ८, ९, १३, १४, १५, २२ र २३ मा विद्युत् आपूर्ति दिइएको छ । सबस्टेसनमा २४ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ । त्यसबाट करिब २२ मेगावाट विद्युत् आपूर्ति गर्न सकिने छ ।

वडा नं ११ स्थित १३२ केभी बसेनी सबस्टेसनबाट गएको ३३ केभी लाइनलाई गोन्द्राङमा ट्यापिङ गरी वनदेवी, सल्लेनी, गौरीगञ्ज, बरुवा, केशरबाग हुँदै देवनगर सबस्टेसनसम्म पुऱ्याइएको छ । गोन्द्राङबाट देवनगर सबस्टेसनसम्म झण्डै नौ किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माण गरिएको छ । देवनगर सबस्टेसनबाट स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि ११ केभीका चार फिडर निकालिएका छन् ।

देवनगर सबस्टेसनबाट विद्युत् आपूर्ति दिन थालेपछि भरतपुरको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने गौरीगञ्ज, प्रेमबस्ती, शिवनगर, फुलबारी, गितानगर, पटिहानी, सितामाई क्षेत्रका उपभोक्ताले बेहोर्दै आएको न्यून भोल्टेजको समस्या समाधान भई आपूर्ति पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित भएको छ ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता आयोजना (प्योकेज-९) अन्तर्गत प्राप्त सहुलितपूर्ण ऋणमा ३३ केभी लाइन र सबस्टेसन निर्माण गरिएको हो । गोन्द्राङ-देवनगर ३३ केभी प्रसारण लाइन र सबस्टेसनको लागत रु १० करोड रहेको आयोजना निर्देशक/संयोजक अच्युत घिमिरेले जानकारी दिए ।

सबस्टेसन तयार भए पनि लाइन निर्माणमा स्थानीयको अवरोध र वातावरणीय अध्ययन तथा स्वीकृतिमा समय लाग्दा सबस्टेसन सञ्चालनमा ल्याउन केही ढिलाइ भएको थियो ।

कोभिड-१९को महामारी, जग्गा अधिग्रहणमा समस्या, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (बफर जोन)मा पर्ने जङ्गल हुँदै प्रसारण लाइन लैजानु पर्ने र त्यसका लागि संक्षिप्त वातावरणीय प्रभाव अध्ययन तथा स्वीकृतिमा समय लाग्दा, स्थानीयको अवरोधलगायतका कारणले निर्माणमा केही ढिलाइ भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# 'गाउँ आएको बाटो' देखाउँदै नेपाल-अमेरिका चलचित्र महोत्सव सुरु हुने




काठमाडौं/आगामी जुन २० देखि २३ (असार ६ देखि ९ ) सम्म अमेरिकाको मेरिल्यान्ड राज्यमा 'नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' आयोजना हुने भएको छ । त्यसका लागि उद्धाटन र समापनमा प्रदर्शन हुने फिल्मको घोषणा गरिएको छ । महोत्सवको उद्धाटन नबीन सुब्बा निर्देशित फिल्म 'गाउँ आएको बाटो'बाट हुने र फिडेल देवकोटा निर्देशित फिल्म 'द रेड सुटकेस'बाट समापन हुनेछ ।

सन् २०२३ मा टोरन्टो फिल्म फेस्टिभलमा विश्व प्रिमियर सँगै 'गाउँ आएको बाटो'ले बुसान, मुम्बई, बेइजिङ लगायतका फेस्टिभलमा सहभागिता जनाइसकेको छ । नेपालमा भने यही जेठ २५ गतेबाट फिल्म प्रदर्शनमा आउँदैछ । दयाहाङ राई, पशुपति राई र प्रसन राईको मुख्य भूमिका रहेको फिल्मले गाउँमा सडक पुगेपछि त्यसले बाबुछोराको सम्बन्धमा ल्याउने उतारचढावको कथा पेश गर्छ ।

'द रेड सुटकेस' पनि संसारका प्रसिद्ध फेस्टिभल घुमिसकेको फिल्म हो । गत चैत अन्तिममा रिलिज भएको फिल्मको भेनिस फिल्म फेस्टिभलमा विश्व प्रिमियर भएको थियो । रामकृष्ण पोखरेलले निर्माण रहेको यो फिल्ममा सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठको अभिनय छ । फिल्मले वैदेशिक रोजगारीको दु:खान्त कथा भनेको छ । नेपाल प्रदर्शनमा फिल्मलाई अब्बल समीक्षा मिलेको थियो ।

फेस्टिभलको पूर्ण लाइन-अप भने चाँडै सार्वजनिक गर्ने तयारी रहेको आयोजक नेपाल अमेरिका फिल्म सोसाइटीका प्रमुख पूर्णसिंह बराइलीले जानकारी दिए । 'फेस्टिभलको तयारी अन्तिम चरणमा पुगिसकेको छ । यसपटकको संस्करणलाई भव्य तुल्याउने हाम्रो तयारी छ,' उनले भने । महोत्सवमा प्रदर्शन गरिने फिल्मबारे दर्शक र फिल्मको टिमसँग छलफल कार्यक्रम पनि हुने उनले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा १० महिनाभित्र ८५ प्रतिशत राजस्व संकलन




साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा २६ करोड ३५ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

उपमहानगरले १० महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व संकलन गरेको हो । विश्वव्यापी रुपमा आर्थिक मन्दीका बेला उपमहानगरले चालु आर्थिक वर्ष २०८०/८१ को १० महिनामा २६ करोड ३५ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । यो अघिल्लो आर्थिक वर्ष २०७९/८० को सोही अवधिको तुलनामा करिब चार दशमलव ५२ प्रतिशत कम राजस्व संकलन भएको छ ।

उपमहानगरले चालु आवमा ३० करोड ९४ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा साउनदेखि बैशाखसम्म १० महिनाको अवधिमा विभिन्न शीर्षकमा २६ करोड ३५ लाख ३२ रुपैयाँ राजस्व संकलन भएको उपमहानगरका राजस्व शाखाप्रमुख श्यामकुमार श्रेष्ठले जानकारी दिए । उपमहानगरले एकीकृत सम्पत्तिकरबाट पाँच करोड ९४ लाख २० हजार, घर बहाल करबाट चार करोड ६६ लाख ८७ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट चार करोड ५९ लाख ८६ हजार, बहाल बिटोरी करबाट दुई करोड पाँच लाख ४७ हजार, सिफारिस दस्तुरबाट दुई करोड ८६ लाख ३१ हजार संकलन भएको जनाएको छ ।

यस्तै, व्यवसाय रजिष्ट्रेसन दस्तुरबाट एक करोड ९४ लाख २४ हजार, सरकारी सम्पत्ति बहालबाट एक करोड ९६ लाख, ढुंगा, गिट्टी, बालुवा बिक्रीबाट एक करोड ८० लाख रुपैयाँ, नक्सा पास दस्तुरबाट ७८ लाख ६२ हजार र प्रशासनिक दण्ड जरिवानाबापत ५१ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन भएको श्रेष्ठले बताए । गत आव २०७९/८० को १० महिनाको तुलनामा यो करिब तीन करोड ८२ लाख २५ बढी राजस्व संकलन भएको हो । उपमहानगरले गत आव २०७९/८० मा ३४ करोड ९३ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा साउनदेखि बैशाखसम्म विभिन्न शीर्षकमा २२ करोड ५३ लाख छ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ सम्म घरजग्गा र जिष्ट्रेसन शुल्क उपमहानगरले उठाउँदै आएकामा गत आव २०७९/८० बाट राजस्व बाँडफाँट शीर्षकमा तीनै तहका सरकारमा राजस्व संकलन हुन थालेको छ । चालु आवमा घरजग्गा कारोबारमा कमी आउनु, ढुंगा, गिट्टी, बालुवा निकासी ठेक्का लगाउन नसक्नु, सिमेन्ट निकासीको ठेक्का लाग्न नसक्नु, सडक पूर्वाधार मर्मतसम्भारको ठेक्का लाग्न नसक्नुलगायत कारणले लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको श्रेष्ठको भनाइ छ ।

# वनदेवी-शिखरकोट सडक स्ल्याब ढलान



साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/हेटौंडा उपमहानगरपालिका-१ अन्तरगत वनदेवी-शिखरकोट सडकमा ५ सय ३० मिटर स्ल्याब ढलान गर्न सुरु गरिएको छ ।

हेटौंडा उपमहानगरको ३३ लाख रुपैयाँ लगानीमा स्ल्याव ढलान हुन लागेको हो । स्ल्याब ढलानको उपमहानगरप्रमुख मीनाकुमारी लामाले शुभारम्भ गरेकी हुन् ।

शुभारम्भ कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, वडा नम्बर १ का वडाअध्यक्ष सविन न्यौंपाने लगायतको उपस्थिति रहेको थियो । उपमहानगरको बिकट क्षेत्र घ्याङसिङटार जोड्न गत आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट बिनियोजन गरिएको थियो ।

# बागमतीका राजनीतिक दलसँग पूर्वबजेट छलफल



साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ बागमतीको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेतृत्वसँग आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका सन्दर्भमा छलफल गरेको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यता एवम् आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाको अध्यक्षतामा छलफल भएको हो । आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले आएका सुझावलाई पुँजीको रुपमा राख्ने प्रतिबद्धता जनाए । आवश्यकता र ठाउँको भौगोलिक बिकटता हेरेर सन्तुलित र परिणाममुखी बजेट बनाउने उनको दाबी छ ।

बजेट बनाउने सन्दर्भमा छलफलबाट आएका सुझाव मार्गदर्शनका रुपमा रहने पनि उनले बताए । उनले छलफलमा राजस्वको बाटोहरु खोल्ने, खनिजपदार्थ उत्खननको लागि अध्ययन गर्नेलगायत कामको प्रस्ताव गरेका छन् । कर बढी लिने भन्दा पनि करको दायरा बढाउने उनको भनाई छ । भइरहेका राजश्व चुहावट नियन्त्रण एवम् अनावश्यक लगानी समेत रोक्ने उनको दाबी छ । बजेट वितरणमुखी भन्दा परिणाम मुखीमा जोड दिने मन्त्री थपलियाले विश्वास दिलाउन खोजे ।

नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वआर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले बागमती प्रदेशमा स्रोत कम रहेपनि धेरै काम गर्नुपर्ने बताए । पहिले बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चित गरेर मात्रै अन्य बजेट बिनियोजन गर्न उनको सुझाव छ । बजेट भावनामा भन्दा आवश्यकताका आधारमा बनाउन उनले आग्रह गरे ।

नेकपा एमालेका प्रदेश सभा सदस्यसमेत रहेका योजना आयोगका पूर्वउपाध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले लाभको क्षेत्र छनोट गरी इको टुरिजमलाई जोडदिन सुझाव दिएका छन् । ग्रिन इको टुरिजम, सांस्कृतिक टुरिजमलगायतका कुराहरु बजेटमा समावेस गर्न उनको आग्रह छ । कृषिक्षेत्रमा किसानको हातमा पैसा पर्नेगरी लगानी गर्न पनि उनले सुझाए । वन क्षेत्रलाई उद्यमशीलता र उत्पादनमा जोड्नु पर्ने देवकोटाको भनाइ छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता उद्धव थापाले प्रदेशको आम्दानी स्थायी बनाउने गरी बजेट बनाउनुपर्ने धारणा राखे । उनले चुनावलक्षित भन्दा पनि जनताको अपेक्षाअनुसार उत्पादनमुलक बजेट बनाउन सुझाव दिए । नेकपा माओवादी केन्द्रका प्रदेशसभा सदस्य युवराज चौलागाईंले योजना बनाउँदा माग र आवश्यकता दुवैलाई आधार मानेर अगाडि बढ्नुपर्ने बताए । एकीकृत समाजवादीका नेता कृष्णप्रसाद शर्मा खनालले राजस्व वृद्धिमा ध्यान दिन सुझाव दिएका छन् । उद्योग कलकारखाना स्थापना गर्न प्रोत्साहन गर्ने, अनावश्यक बजेट कटौती गर्न उनको सुझाव थियो ।

नेकपा एमालेका प्रमुख सचेतक मधुसूदन पौडेल, माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकाल, छलफलमा नेपाली कांग्रेसका मुख्य सचेतक गोविन्द लम्साल, नेपाली कांग्रेसका प्रदेशसभा सदस्य कुन्दनराज काफ्ले, कन्चनचन्द्र वादे, पूर्वमन्त्री तथा एकीकृत समाजवादीका प्रदेशसभा सदस्य बसन्त मानन्धर, नेकपा एमालेका प्रदेशसभा सदस्य ज्ञानबहादुर लामा, राप्रपाका प्रदेशसभा सदस्य कुमारी तामाङलगायतले बजेटमाथि आफ्नो भनाई राखेका थिए ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा प्रदेशभित्र परिचालन र प्रवर्द्धन गर्न सकिने तुलनात्मक लाभका क्षेत्र, राजस्वका दर परिमार्जन, करका दायरा विस्तार लगायतका विषयमा छलफल भएको थियो । अनावश्यक चालु खर्च कटौती गर्दै सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने उपाय, बजेट कार्यान्वयनमा प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आवश्यक सुझाव, बजेटलाई सन्तुलित र मागमा आधारित बनाउन छलफल भएको थियो ।

# शिक्षक संगठन राक्सिराङको अध्यक्षमा थिङ




साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/एकीकृत अखिल नेपाल शिक्षक संगठन राक्सिराङ गाउँपालिकाको अधिबेशन अध्यक्ष सुजनकुमार मोक्तानको सभाध्यक्षतामा सम्पन्न भएको छ ।

अधिबेशनले अशोक थिङको अध्यक्षतामा २१ सदस्यीय नयाँ कमिटीमा उपाध्यक्ष सपना रुम्बा, प्रदिप घलान, सचिवमा प्रकाश थोकर, कोषाध्यक्ष तीर्थराज प्रजा, सहसचिव नारायण महतो रहेका छन् । यसैगरी, अधिवेशनले महेन्द्र यादव, सूर्यनारयण चौधरी, जुनु दोङ, आशा रुम्बा, डिल्लीप्रसाद स्याङतान, तिलक बिक, गोबिन्द थिङलगायत सदस्यमा निर्वाचित भएका छन् ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरको जिल्ला अध्यक्ष बसन्त राईको प्रमुख आतिथ्यमा भएको भेलामा शुभरत्न गोले, बनस्तम थिङ, हस्तबहादुर मोक्तान, एकराज गौत्तम, साजन पाखिनलगायतको आतिथ्यता रहेको थियो । प्रमुखअतिथि राइले सबै प्रकारका शिक्षकको हकहित र अधिकार सुरक्षित गर्न यस संगठनमा आवद्ध रहन सबैलाई अपिल गरेका छन् ।

# सेवा सुविधाबापतको रकम उपचारमा सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, ५ जेठ/मनहरी गाउँपालिका-८ का चन्द्रबहादुर बोटे एक साताको उपचारपछि घर फर्केका छन् । गत विहिबार सडकमा पैदलयात्रा गरिरहेका बोटेलाई मोटर साइकलले ठक्कर दिएको थियो ।

ठक्कर दिएको मोटर साइकल फरार भयो । उनलाई तत्काल एम्बुलेन्समा राखेर गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले अस्पताल पठाए । उनको निधार र ढाडमा गम्भीर चोट लागेका कारण आकस्मिक सेवाका लागि भरतपुरको एभरेस्ट अस्पताल पुऱ्याइयो । टाउकोको शल्यक्रिया र अन्य उपचार गर्दा करीब १ लाख ३३ हजारको रसिद अस्पतालले थमायो । बोटे आर्थिकरुपले विपन्न छन् ।

राज्यले दिने सामाजिक सुरक्षा भत्ताबाट गुजारा टार्दै आएका उनीहरुको थप आर्थिक जोहो राप्तीखोलामा माछा मार्दै विक्री गर्छन् । घरको मुख्य जिम्मेवार व्यक्ति नै घाइते भएर अस्पतालमा लडिरहँदा घरमा छाक टार्न नै मुस्किल भएको बेला अस्पतालको त्यो रसिदले बोटे परिवारलाई समस्यामा पार्यो । आम्दानी स्रोत नै नभएपछि कसले ऋण पत्याउनु र अस्पतालको बिल भुक्तानी गर्नु ?

अस्पतालले बिल भुक्तानी नगरी डिस्चार्ज गर्न नमानेपछि मनहरी गाउँपालिका अध्यक्ष कालाखेतीले उनको उपचारमा लागेको खर्च व्यहोरेर उनलाई घरसम्म पुऱ्याइदिए । अध्यक्ष कालाखेतीले निर्वाचित भएदेखि नै आफूले पाउने सेवासुविधाबापतको रकम कोष बनाएर बचत गर्दै आएका छन् । उनले मासिकरुपमा प्राप्त गर्ने रकम र अन्य स-साना बैठकबाट प्राप्त हुने भत्तालाई सोही कोषमा जम्मा गरी आवश्यकता अनुसार विपन्न नागरिकको सेवा गर्दै आएको उनले बताए ।

उनले सोही कोषबाट ७० हजार र गाउँपालिकाबाट ५० हजार थप गरेर अस्पतालको रकम चुक्ता गरीदिएको बताए । अध्यक्ष कालाखेतीले अस्पताल प्रशासनलाई पनि बोटे समुदायको अवस्थाबारे जानकारी गराएपछि १० प्रतिशत छुट प्राप्त भएको थियो । 'जनप्रतिनिधि भएको हिसाबले म उहाँहरुको अभिभावक हुँ यो मेरो जिम्मेवारी मैले पूरा गरें,' कालाखेतीले भने ।

# ९७ वर्षीया वृद्धाको स्तन क्यान्सरको सफल शल्यक्रिया

भरतपुर, ५ जेठ/ चितवनमा ९७ वर्षीया वृद्धाको स्तन क्यान्सरको सफल शल्यक्रिया गरिएको छ । म्याग्दी स्थायी घर भई हाल चितवनको वीरेन्द्रनगर बस्दै आएकी तमिसरा पुन मगरको भरतपुरस्थित नारायणी सामुदायिक अस्पतालले सफल शल्यक्रिया गरेको हो । शुक्रबार बिहान डा. भक्तमान श्रेष्ठ नेतृत्वको चिकित्सकको टोलीले सफल शल्यक्रिया गरेको अस्पतालले जनाएको छ ।

वृद्धावस्थाको यो उमेर समूहमा स्तन क्यान्सरको शल्यक्रिया पहिलोपटक गरिएको डा. श्रेष्ठले बताए । उनले भने, '९७ वर्षका वृद्धालाई शल्यक्रिया गरिएको चितवनमा पहिलोपटक हो, मेरो जानकारीमा भएसम्म नेपालमै पहिलो हुनुपर्दछ ।' सामान्यतया ७० वर्ष उमेर नाघेपछि शल्यक्रिया गर्न उच्च जोखिम मानिन्छ । ८० वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिलाई शल्यक्रिया गर्नु चरम जोखिम मानिन्छ ।

डा. श्रेष्ठ वरिष्ठ क्यान्सर सर्जन हुन् । उनले २०५० सालदेखि शल्यक्रिया गर्दै आएका छन् । यसअघि ८३ वर्षको मानिसको शल्यक्रिया गरेको उनको अनुभव छ । डा. श्रेष्ठ नेतृत्वको चिकित्सक र स्वास्थ्यकर्मीको टोलीले करिब एक घण्टा पाँच मिनेट लगाएर शल्यक्रिया गरेको थियो । उपचारमा डा सुरेश गौतम, डा इन्द्रनारायण श्रेष्ठ, डा रवीन्द्र केसी, डा सागर भुसाल, डा सुधीर रेग्मी, डा मणिप्रसाद गौतम, डा किशोर गौतम र नर्सहरु निरु आलेमगर, मुना श्रेष्ठ, शिल्पा पोखरेललगायतको संलग्नता रहेको थियो ।

अहिले वृद्धाको अवस्था सुधारोन्मुख रहेको श्रेष्ठले बताए । 'जोखिम लिएर शल्यक्रिया गरेका थियौं, बेहोस बनाउने चिकित्सकहरु पनि डर मानिरहनुभएको थियो, हामीलाई उहाँहरुले शल्यक्रिया गर्न डेढ घण्टाको समय दिनुभएको थियो, त्यसमा हामी सफल भयौं, उनले भने ।

# शौचालय जाँदा लडेर एक महिलाको मृत्यु

काठमाडौं, ५ जेठ/ भक्तपुरमा शौचालय जाने क्रममा लडेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा खोटाङको ऐसेलुखर्क गाउँपालिका-५ कि ४६ वर्षकी जमुना भट्टराई रहेकी छन् ।

सूर्यविनायक नगर पालिका-५ कटुन्जेमा गए राति साढे ३ बजे शौचालय जाने क्रममा जमुना घरको पहिलो तलाबाट लडेकी थिइन् । जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रवक्ता राजन कार्कीका अनुसार लडेर गम्भीर घाइते भएकी जमुनालाई श्रीमान हिरा भट्टराईले काठमाडौं मेडिकल कलेज दुवाकोट लगेका थिए ।

अस्पतालमा उपचारका क्रममा उनले शनिबार बिहान साढे ५ बजे मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

**क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना**

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा बिरामीले बिलबमोजिम बढीमा पचास हजार रुपैंयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

हेटौंडामै उत्पादित
**सुदिन ड्राइमिट**






**Ready To Eat**

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना